विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०४/२३ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | जापान सरकारको सहयोगमा JICA मार्फत खानेपानीको ओभरहेड ट्याङ्की सहितको संरचना निर्माणका लागि सिफारिस गरिएको जग्गाको कि.नं. संशोधन सम्बन्धमा। | विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/१२/२९ को निर्णयानुसार साविक बखरी ९(घ), हाल विराटनगर महानगरपालिका वडा नं. ५ स्थित ०-१३-२-१ (बिघा) जग्गामा जापान सरकारको सहयोगमा JICA मार्फत खानेपानीको ओभरहेड ट्याङ्की सहितको संरचना निर्माण गर्नका लागि नेपाल खानेपानी संस्थान, विराटनगरलाई सो जग्गा उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरिएकोमा उक्त जग्गाको कि.नं. फरक पर्न गएकोले कि.नं.१८३ को जग्गा क्षेत्रफल २-०-०-० (बिघा) मध्येबाट पश्चिमतर्फको ०-१३-२-१ (बिघा) जग्गा उक्त संस्थानलाई नियमानुसार उपलब्ध गराउन पूनः सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| २ | सडक पूर्वाधार सेवा शुल्क सङ्कलनको ठेक्का व्यवस्थापन सम्बन्धमा। | महानगरपालिकाको सडक पूर्वाधार उपयोग सेवा शुल्क सङ्कलन गर्न आय ठेक्का व्यवस्थापनका लागि रु.९२,१६,६६६।० (कर बाहेक) न्यूनतम ठेक्का रकम कायम गरी मिति २०८०/०१/१३ मा पहिलोपटक र मिति २०८०/०२/१४ मा दोस्रोपटक सार्वजनिक सूचनामार्फत प्रस्ताव आह्वान गरिएकोमा कुनै पनि प्रस्तावकबाट प्रस्ताव प्राप्त नभएकोले न्यूनतम ठेक्का रकम रु.८७,७७,७७७।० (कर बाहेक) कायम गरेर पूनः मिति २०८०/०३/१९ मा सूचना प्रकाशित गर्दा समेत कुनै पनि प्रस्ताव प्राप्त हुन नसकेको हुदाँ न्यूनतम वार्षिक ठेक्का रकम घटाएर रु.६०,००,०००।० (कर बाहेक) कायम गरी पूनः पन्ध्र दिने सार्वजनिक सूचना प्रकाशन गर्ने र उक्त समयावधिभित्र समेत प्रस्ताव प्राप्त हुन नसकेमा पूनः सात दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्ने सर्वसम्मतिले निर्णय गरियो। उक्त ठेक्का अङ्कलाई वार्षिक अङ्क मानी प्रस्तावकले कबोल गरेको अङ्कलाई प्रतिदिनले भाग गरी सम्झौता गरिएको दिनदेखि मात्रै ठेक्का रकम कायम हुने समेत निर्णय गरियो। |
| ३ | विविध। | (क) नगर सभाको बाह्रौं अधिवेशनको निर्णयानुसार स्वीकृत वडास्तरीय योजना/कार्यक्रम तथा बजेटको आर्थिक कारोबार (लेखा) वडा कार्यालयमार्फत सञ्चालन गर्ने सन्दर्भमा मौजुदा लेखा समूहका जनशक्तिबाट व्यवस्थापन गरी सबै वडा कार्यालयबाट आर्थिक कारोबार सञ्चालन गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) एसिया-प्रशान्त क्षेत्रको सहरका सरोकारवालाहरू सम्मिलित दीगो विकासको क्षेत्रमा कार्य गर्ने संस्था CityNet मा आबद्ध रहेका नेपालका महा/उप-महा/नगरपालिका लगायतका अन्य सदस्य संस्थाहरूको सहभागिता रहने सिटीनेट नेपाल राष्ट्रिय च्याप्टर (CityNet Nepal National Chapter – CNNC) को सम्मेलन/अधिवेशन विराटनगरमा गर्नका लागि सोको सम्पूर्ण व्यवस्थापन महानगरपालिकाले गर्ने सर्वसम्मतिले निर्णय गरियो। ऐतिहासिक राधाकृष्ण रथयात्रा अवलोकनका लागि उल्लिखित स्थानीय तहहरूलाई आमन्त्रण गर्ने र सोही समयमा अधिवेशन गर्ने निर्णय गरियो। |

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | (ग) नगरवासीलाई एम्बुलेन्स सेवा उपलब्ध गराउने उद्देश्य अनुरुप महानगरपालिकाको स्वामित्वमा रहेका एम्बुलेन्सको प्रभावकारी सञ्चालनका लागि सामाजिक विकास समितिमार्फत पेस भएको "एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८०" सर्वसम्मतिले स्वीकृत गरियो।<br><br>(घ) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा हेल्पर पदमा मिति २०६३/११/१६ देखि अविच्छिन्न रुपमा सेवा करारमा कार्यरत रहेका श्री जिवन कुमार विश्वकर्माको कार्यालयको अभिलेखमा रहेको व्यक्तिगत विवरणमा भएको उमेर सम्बन्धी अस्पष्टताका कारण निजको उमेरहदले मिति २०७९/०४/१० मा अनिवार्य अवकाश हनुपर्नेमा निज मिति २०८०/०४/१० सम्म कार्यरत रहेको हुँदा निजलाई उमेरहदले हुने अनिवार्य अवकाशकै मितिसम्मको अवधि गणना गरी नियमानुसार पाउने सेवा सुविधा उपलब्ध गराउने र सोभन्दा पछिको अवधिमा निजलाई सेवा करार सम्झौता बमोजिम रुजु हाजिरीका आधारमा उपलब्ध गराइएको पारिश्रमिक तथा भत्तालाई समर्थन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

अर्जुन थपलिया
अधिकृतस्तर आठौं